# आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम एवम् बजेट बक्तब्य

नासौं गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

धारापानी, मनाङ

गण्डकी प्रदेश

नासौं गाउँपालिका

# नासौं गाउँपालिकाको पाँचौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री कमलमाया गुरुङज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७६/०७७ को बार्षिक बजेट तथा कार्यक्रम

## २०७६ साल आषाढ १० गते

नासौं गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

धारापानी, मनाङ

गण्डकी प्रदेश, नेपाल

२०७३

नासौं गाउँपालिका

**आदरणीय अध्यक्ष महोदय,**
**उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

१. नेपालको संविधान एवं स्थानीय सरकार संचालन ऐनले गरेको व्यवस्था अनुसार स्थानीय सरकारको रुपमा रहेको नासों गाउँपालिकाको तेश्रो बजेट पेश गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ । विगतको केन्द्रीकृत र एकात्मक व्यवस्थाको अन्त्य गरी स्थानीय स्वशासन सहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न जीवन बलिदान गर्नुहुने अमर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । मुलुकको अग्रगामी परिवर्तनमा अतुलनीय योगदान पुर्याउनुहुने राजनैतिक अग्रजहरु, ऐतिहासिक जनआन्दोलन, सशस्त्र विद्रोह, जनयुद्ध लगायत विभिन्न संघर्षहरुमा त्याग र बलिदान गरी समुन्नत नेपालको परिकल्पना गर्ने सम्पुर्ण महानुभावहरु, वेपत्ता परिवार, घाईते एवम् द्वन्द्वपीडित परिवारमा हार्दिक सम्मान व्यक्त गर्दै स्मरण गर्न चाहन्छु ।

२. नेपालको संविधान, राज्यको निर्देशक सिद्धान्तहरु, मौलिक हक, आवधिक योजना, संघीय र प्रादेशिक सरकारले अंगीकार गरेका नीतिहरु, स्थानीय सरकार संचालन ऐन, गाउँपालिकाबाट स्वीकृत विभिन्न आवधिक योजनाहरु, जनताको आवश्यकता र माग, वस्ती/वडास्तरबाट प्राथमिकीकरण गरि पेश हुन आएका योजना तथा कार्यक्रम, यस गाउँपालिकाले आगामी आ.ब.को योजना तर्जुमाका लागि स्वीकृत गरेको बार्षिक नीति तथा कार्यक्रममा उल्लेखित प्राथमिकताका क्षेत्रहरुलाई मार्गदर्शनको रुपमा लिदै संघीय सरकार र गण्डकी प्रदेश सरकारबाट प्रस्तुत आ.ब.२०७६/०७७ को बजेट, कार्यक्रम तथा अंगिकार गरेका प्राथमिकता प्राप्त क्षेत्रहरुलाई टेवा समेत पुग्ने गरि विभिन्न अल्पकालिन, मध्यकालिन र दीर्घकालिन प्रकृतिका योजना तथा कार्यक्रमहरुलाई आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रममा समावेश गरिएको छ ।

३. नासौं गाउँपालिकाले संघीय सरकारले अगाडी सारेको ***"समृद्ध नेपाल, सुखी नेपाली"***भन्ने मुल सिद्धान्तलाई आत्मसात गरेको छ । यस गाउँपालिकाले स्थानीय आवश्यकतामा आधारित विकासको माध्यमबाट समग्र राज्यको विकासमा टेवा पुरयाउने लक्ष्य लिएको छ । तसर्थ, हरेक वस्ती, गाउँ र टोललाई गाउँपालिकाको महत्वपूर्ण इकाइ मानी ती समग्र इकाइको विकासका लागि गाउँपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान केन्द्रित गरेको कुरा अवगत गराउन चाहन्छु ।

आ.ब.२०७६/०७७ मा प्राप्त हुने आय र व्ययको सारांश प्रस्तुत गर्न गर्न चाहान्छुः

**आयतर्फः**

नासों गाउँपालिका

| सि.नं. | बजेट स्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक आय | ८३ लाख ६२ हजार | |
| २ | संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड | ३ करोड ५० लाख | |
| ३ | प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड | ७ लाख ९६ हजार | |
| ४ | संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान | ६ करोड ६४ लाख | |
| ५ | प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान | १ करोड १७ लाख ५९ हजार | |
| ६ | संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान | ७ करोड २९ लाख | |
| ७ | संघीय सरकारबाट प्राप्त हुने सशर्त सामाजिक सुरक्षा अनुदान | ६० लाख | |
| ८ | प्रदेश सरकारबाट प्राप्त हुने विद्यालय भवन निर्माण अनुदान | १ करोड | |
| ९. | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संघीय प्रतिनिधी सभा सदस्य) | १ करोड ५० लाख | |
| १० | प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम (गण्डकी प्रदेश सभा सदस्य) | १ करोड ५० लाख | |
| ११ | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४ लाख | |
| १२ | स्थानीय तह क्षमता विकास कार्यक्रम LGCDP\SNGP | ३ लाख | |
| | **कुल जम्मा** | **२४ करोड १९ लाख १७ हजार** | |

नाम्सो गाउँपालिका

## व्ययतर्फः

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | चालु तथा प्रशासनीक खर्चतर्फ | ५ करोड ५९ लाख १७ हजार | |
| २ | पूँजीगत खर्चतर्फ | ६ करोड ६४ लाख | |
| ३ | सामाजिक सुरक्षा कार्यक्रमतर्फ | ६० लाख | |
| ४ | विद्यालय भवन निर्माण अनुदान | १ करोड | |
| ५ | संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान | ७ करोड २९ लाख | |
| ६ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संघीय प्रतिनिधी सभा सदस्य) | १ करोड ५० लाख | |
| ७ | प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम (गण्डकी प्रदेश सभा सदस्य) | १ करोड ५० लाख | |
| ८ | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४ लाख | |
| ९. | स्थानीय तह क्षमता विकास कार्यक्रम LGCDP\SNGP | ३ लाख | |
| १० | **कुल जम्मा** | **२४ करोड १९ लाख १७ हजार** | |

**आदरणीय अध्यक्ष महोदय,**
**उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अव म माथि उल्लेखित स्रोतबाट अनुमान गरिएको बजेट सिमाको आधारमा निम्नानुसार क्षेत्रगत रुपमा कार्यक्रम तथा बजेट विनियोजन गरेको व्यहोरा निवेदन गर्न चाहान्छु ।

## पूर्वाधार विकास :

४. पूर्वाधार विकास अन्तरगत गोरेटोघोडेटो वाटो निर्माण/मर्मत, भवन निर्माण, उर्जा तथा लघु विद्युत विकास, गेट निर्माण, बाटो ढलान लगायतका अधुरा एवं क्रमागत योजनाहरुलाई प्राथमिकताका साथ

समावेश गरि विकासका लागि अनिवार्य शर्तको रुपमा स्वीकार गरिएको पूर्वाधार विकास कार्यक्रमहरुका लागि रु.१ करोड ६५ लाख ९९ हजार रकम विनियोजन गरिएको छ ।

## आर्थिक विकासतर्फ :

५. आर्थिक विकास अन्तरगत पर्यटन क्षेत्रको दीर्घकालीन विकासलाई मध्यनजर गर्दै आगामी आ.ब.मा नै पर्यटन विकास गुरुयोजना तयार गरि योजनाबद्ध रुपमा यो क्षेत्रलाई विकास गर्ने अभिप्राय लिइएको छ । आर्थिक समृद्धिका लागि बढिभन्दा बढि स्वदेशी तथा विदेशी पर्यटकहरु भित्र्याउने र पर्यटकको बसाई अवधि लम्ब्याउने तर्फ हाम्रो ध्यान केन्द्रित गर्दै वैकल्पिक पदमार्गको विकास, होमस्टे प्रबर्द्धन, भ्यू टावर निर्माण तथा सम्पदा संरक्षण जस्ता क्षेत्रहरुलाई विशे्ष जोड दिइएको छ । पर्यापर्यटन, साहसिक पर्यटन तथा धार्मिक पर्यटनको रुपमा विकास गर्नेतर्फ यस आ.व.मा कदम अगाडी बढाइएको छ । नासौं गाउँपालिकाको ताल-नाचै-तिल्चे-ताचै-घेलाञ्चोक-ओडार-घेराङ-ताल सम्मको चक्रीय पदमार्गको अवधारणालाई टेवा पुग्ने गरी पदमार्गको निर्माण तथा स्तरोन्नतिका कार्यहरु विभिन्न स्थानबाट शुरु गरिनेछ ।

६. नासौं गाउँपालिका मनाङ जिल्लाको अन्य क्षेत्रभन्दा कृषियोग्य भूभाग धेरै भएको क्षेत्र हो । नासौं गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउन कृषिमा आधुनिकीकरण तथा माटो सुहाउँदो बाली लगाई कृषि उत्पादनमा बृद्धि गर्ने, हाइब्रिड स्याउको विरुवा रोपण गर्ने, उन्नत विउबीजन वितरण, मल ढुवानी अनुदान, लागत साझेदारीमा ग्रीन हाउस निर्माण, कृषि अनुसन्धान र परामर्श लगायत कार्यक्रमका लागि २० लाख बजेट विनियोजन गरिएको छ ।

७. नासौं गाउँपालिका पशुपालनका लागि अत्यन्तै सम्भावनायुक्त ठाउँ भएकाले पशुपालन मार्फत यहाँका जनताको आयस्तर बढाउन, पशुपंक्षीमा लाग्ने रोगहरुको रोकथाम तथा उपचारलाई प्रभावकारी बनाउन यो आर्थिक वर्षमा पशु विकास कार्यक्रमतर्फ रु. १० लाख विनियोजन गरिएको छ ।

८. नासों गाउँपालिकाको ५ बर्षे लघु उद्यम विकास रणनीति, २०७६-२०८० अनुसार साझेदारी कार्यक्रम संचालन गरिनेछ, जसका लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ ।

९. उद्यम व्यवसायीहरुलाई उत्साहित गदैं उद्योग व्यवसाय दर्ता, संचालनमा थप क्रियाशील बनाउन व्यवसाय दर्ता तथा नविकरणबाट प्राप्त हुने आम्दानीको ३० प्रतिशत रकम व्यवसायीहरु माझ नै लागत सहभागिता मार्फत प्रविधी हस्तान्तर कार्यक्रम संचालन गरिनेछ । समग्रमा आर्थिक विकासतर्फ करिब ६६ लाख रकम विनियोजन गरिएको छ ।

## सामाजिक विकास तर्फ :

१०. शिक्षा क्षेत्र विकासको मुख्य आधार हो । जवसम्म गुणस्तरीय शिक्षा र शिक्षामा आम बालबालिकाहरुको पहुँच पुग्दैन तबसम्म राज्यले चाहेजस्तो सीपयुक्त र दक्ष मानव संशाधन उत्पादन हुन सक्दैन तसर्थ यस गाउँपालिकाले प्रकाश ज्योति मा.वि.मा आवासीय विद्यालय सञ्चालन गरी यस क्षेत्रका बालवालिकाको लागि गुणस्तरीय एवं अनिवार्य शिक्षाको प्रत्याभूति दिलाउन अगाडी बढेको छ । आवासीय विद्यालय व्यवस्थापनका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरि सकिएको छ । आवाशिय विद्यालय सहयोग कार्यक्रमका लागि रु. ५० लाख बजेट विनियोजन गरिएको छ, भने अन्य नियमित कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ ।

११. यस गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्नका लागि सामुदायिक स्वास्थ्य इकाईहरुको निरन्तरता, स्वास्थ्य संस्थाका लागि आवश्यक औषधि तथा उपकरण खरिद लगायतका अनिवार्य सेवा तर्फका कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ । गाउँपालिकाको केन्द्र एवं सडक तथा पैदलमार्गको केन्द्रको रुपमा रहेको धारापानीमा आकस्मिक स्वास्थ्य सेवा डेस्क स्थापना गर्ने लक्ष्य लिइएको छ । जिल्ला अस्पताल र जिल्ला बाहिर समेत उपचारको क्रममा जानुपर्दा हालसम्म कुनै एम्बुलेन्स नहुँदा कठिनाई भएको हुँदा सुविधायुक्त १ एम्बुलेन्स उपलब्ध गराउन श्री भारतीय राजदुताबासलाइ अनुरोध गरि प्राप्त गर्ने दिशातर्फ अग्रसर हुने लक्ष्य लिइएको छ । नीति तथा कार्यक्रम मार्फत घोषणा भएको हरेक गर्भवति महिलाहरुका लागि पोषण खर्च अनुदान लाई बजेट विनियोजन गरिएको छ, जसले हरेक आमाहरुलाई सम्मान र टेवा पुग्ने विश्वास लिइएको छ । स्वास्थ्य सेवा तर्फ कुल २५ लाख बजेट विनियोजन गरिएको छ ।

१२. आधा आकाश ओगटने महिलाहरु प्रति सम्मान गर्दै उहाँहरुकै मागमा आधारित शिपमूलक तथा आयमूलक क्षमता विकास कार्यक्रम तथा तालिमहरु संचालन गरि विकासको मूल प्रवाहमा ल्याउने उद्धेश्यले विभिन्न सशक्तिकरणका कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरिएको छ, जसका लागि रु. १२ लाख रकम विनियोजन गरिएको छ ।

१३. नासौं गाउँपालिकामा खेलकुदको विकास मार्फत युवाहरुको सशक्तिकरण, शारीरिक तथा मानसिक विकास तथा अनुशासन वृद्धि गर्न खेलकुद विकासका कार्यक्रमहरु संचालन गर्न रु.५ लाख रकम विनियोजन गरिएको छ । एक गाउँपालिका एक खेलकुद मैदानको राष्ट्रिय अवधारणा अनुसार वडा नं. १ तालमा रहेको खेलकुद मैदानलाई स्तरोन्नतीका लागि सम्बन्धित निकायमा विशेष पहल गर्ने नीति लिइएको छ ।

१४. नेपालको संविधान, संघीय लोकतान्त्रिक शासन व्यवस्थाले सम्पुर्ण जातीय, लैङ्गिक, भौगोलिक तथा अन्य विविध कारणले पछाडी परेका तथा पारिएका वर्गको उत्थान गरी समतामुलक विकासको लागि विशेष जोड गरेको छ । नासौं गाउँपालिकाले विकास तथा न्यूनतम आधारभुत आवश्यकता समेत पुरा गर्न नसकी मुलधारमा आउन नसेकेका दलित तथा विपन्न वर्गका लागि दलित तथा विपन्न आवास कार्यक्रम

नासौं गाउँपालिका

मार्फत चालु आ.ब.मा केही घरहरु निर्माण कार्य सम्पन्न भई सकेको छन भने बाँकी ९ वटा घरहरु प्रदेश सरकारको जनता आवाश कार्यक्रमबाट संचालन हुने भएकोले अब सबै दलित दाजुभाई दिदीबहिनीहरुले खुल्ला आकाश तथा अरुको आश्रमा गई ओत लाग्नु पर्ने छैन भन्ने विश्वास लिइएको छ । अबको थप आवश्यकता भनेको दलित समुदायको क्षमता विकास गरि आयआर्जनमा टेवा पुरयाउने हो भन्ने अभिप्रायले दलित वर्ग उत्थान कार्यक्रमका लागि रु.५ लाख बजेट विनियोजन गरिएको छ ।

## वन, वातावरण तथा विपद व्यवस्थापन

१५. नासौँ गाउँपालिका जलविद्युत उत्पादन संभाव्यताका दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण गाउँपालिका हुँदा हुँदै लगानी अभावमा आवश्यक पर्ने क्षमतामा विद्युत उत्पादन गर्न नसकेको व्यहोरा हामी सबै माझ विदितै छ । ठूला लगानीका परियोजनाहरुलाई आकर्षण गर्ने र लगानीका लागि अनुकुल वातावरण सृजना गर्नेतर्फ जोड दिइनेछ । हाल संचालनमा रहेका विद्युत गृहहरुको नियमित मर्मत/सुधारका लागि बजेट विनियोजन गरिएको छ । थप क्षमता विकास तथा हालसम्म विद्युत सेवा नपुगेको नासों गा.पा. वडा नं. ७ मा रहेको भिमथाङ वस्तीलाई अँध्यारोमुक्त गर्न सरोकारवाला निकायहरुसँग समन्वय र अनुदानका लागि अनुरोध गर्दै नासों गाउँपालिकालाई उज्यालो गाउँपालिका बनाउने नीति लिईएको छ । हाम्रै जलस्रोतबाट निर्माण हुने विद्युत आयोजनाहरुमा नासों गा.पा.का प्रभावित बासिन्दालाई सःशुल्क तथा निःशुल्क शेयर वितरण गर्नेतर्फ आवश्यक निर्णय गरिसकिएकोले सोको कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

१६. नासौँ गाउँपालिकाको मुख्य रुपमा मर्स्याङ्गदी नदी र दुधखोलाको प्रभावित क्षेत्रमा पर्दछ । जलवायू परिवर्तनका कारण नदीहरुको बहाव बढ्ने, कटान गर्ने तथा बाढी पहिरोको जोखिम बढ्दै गएको देखिन्छ । ससाना तटबन्धनका कार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । साथै विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरी नदी नियन्त्रण, बायो ईन्जिनियरीङ मार्फत बातावरण संरक्षणमा जोड दिईनेछ ।

यहि २०७६ आषाढ ७ र ८ गते परेको अविरल बर्षा तथा बाढीका कारण क्षतिग्रस्त लम्जुङ-नासों गा.पा. जोडने म्यार्दीखोला पक्की पुल पुन निर्माणका लागि सम्बन्धित निकायमा विशेष अनुरोध गरिने छ ।

१७. फोहोरमैला व्यवस्थापन स्थानीय तहको महत्वपूर्ण जिम्मेवारी हो । नासौँ गाउँपालिकाका गाउँहरुलाई व्यवस्थित, स्वच्छ र सरसफाईयुक्त बनाउन यस आ.ब.मा ढल व्यवस्थापन तथा ढलान, सरसफाई तथा फोहरमैला व्यवस्थापन सहयोग कार्यक्रम जस्ता कार्यक्रमहरु संचालन गरिनेछ । साथै विभिन्न समयमा आइपर्ने प्राकृतिक प्रकोप तथा मानवकृत प्रकोपबाट हुने धनजनको क्षतिको न्यूनीकरण, राहत, पुनस्थापन तथा विपद व्यवस्थापनका लागि एक छुट्टै कोषको रुपमा रु. १० लाख बजेट

विनियोजन गरिएको छ । समग्रमा वन, वातावरण र विपद व्यवस्थापन क्षेत्रमा करिब ५० लाख रकम विनियोजन गरिएकोछ ।

## राजश्व सुधार तर्फ :

१८. गाउँपालिकाको आम्दानीको मुख्य श्रोत नै आन्तरिक राजश्व हो । आफै आम्दानी गरौ र आफ्नै लागि खर्च गरौ भन्ने अभिप्रायका साथ नासौँ गाउँपालिकाले आन्तरिक आम्दानीको स्रोत दिगो, फराकिलो र भरपर्दो बनाउदै विस्तारै आत्मनिर्भर बन्नुपर्ने अवस्थामा छ । गाउँपालिकालाई प्राप्त हुने अनुदानहरुको हिस्सा घट्दै जाँदा पक्कै पनि आन्तरिक आम्दानीको स्रोत बढाउनुपर्ने दवाव छ । यसै तथ्यलाई मध्यनजर गर्दै नासौँ गाउँपालिकाले हाल लगाउँदै आएको घरजग्गा करलाई एकीकृत सम्पति कर लागू नभएसम्मका लागि केही संशोधन गरि लगाउने निर्णय गरेको छ ।

थप करका स्रोतहरुको खोजी गर्ने तर्फ विशेष अग्रसर हुने नीति लिइएको छ । नदीजन्य प्राकृतिक स्रोतले भरिपूर्ण यस गाउँपालिकाको वडा नं. १ तालमा बालुवा तथा गिट्टी उत्खनन तथा संकलनका लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरि यसै आ.ब. देखि ठेक्का प्रकृयाबाट उत्साहजनक रुपमा राजस्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

१९. गाउँपालिका क्षेत्रभित्र रहेका यार्सागुम्बा, बनलसुन, सतुवा, निरमसी लगायतका महत्वपुर्ण जडिबुटीहरु संकलन तथा निकासीमा लगाउँदै आएको कर तथा शुल्कलाई संशोधन गरी सबैलाई करको दायरामा आउन सक्ने गरि उत्प्रेरित गर्न गत बर्षको करको दरमा केही कटौती गरिएको छ ।

## संस्थागत सुशासन, सेवा प्रवाह तथा क्षमता विकास :

२०. गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाह, विकास निर्माणका कार्यहरुमा नागरिकको सल्लाह, सुझाव, गुनासो व्यवस्थापन एवम् सार्वजनिक जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धनका लागि समीक्षा गोष्ठी, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा विभिन्न अन्तरक्रिया कार्यक्रमहरु आयोजना गरिनेछ, जसका लागि ३ लाख बजेट विनियोजन गरिएको छ ।

२१. गाउँपालिकाको संस्थागत क्षमता भनेको जनप्रतिनिधी र कर्मचारी नै हो । यसैको महत्तम उपयोगबाट अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ । बदलिदो परिवेश अनुसार पारदर्शी एवम् जवाफदेही ढंगले काम गर्न, नयाँ कार्यशैलीको विकासका लागि क्षमता विकास गर्न अनिवार्य र अपरिहार्य छ । जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास एवम् अवलोकन भ्रमणका लागि ८ लाख ५० हजार रकम विनियोजन गरिएको छ । जसले गर्दा कर्मचारी र जनप्रतिनिधिले प्रदान गर्ने सेवा प्रवाह गुणस्तरीय, छिटो, छरितो एवम् लागत प्रभावकारी हुनेछ भन्ने विश्वास लिइएको छ ।

नासौँ गाउँपालिका

**आदरणीय अध्यक्ष महोदय,**
**उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अब म पूँजीगततर्फ विनियोजित बजेट तथा कार्यक्रमको योजनाग तथा कार्यक्रमगत विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु,:

नासों गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

धारापानी, मनाङ

क) आ.ब.२०७६/०७७ का लागि पूँजीगततर्फका अनिवार्य/लक्षित विकास दायित्व अन्तरगतका योजना तथा बजेट विनियोजन

| **सि.नं.** | **वजेट खर्च हुने शीर्षक वा योजनाको नाम** | **संकेत नं.** | **क्षेत्र** | **वजेट रकम** | श्रोत |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका प्रशासनिक भवन तथा अस्पतालका लागि जग्गा खरीद | | संस्थागता क्षमता विकास | १ करोड २० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २ | १५ शैय्याको अस्पताल तथा गा.पा. भवन डिपीआर तैयारी | | संस्थागता क्षमता विकास | २० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ३ | पर्यटन विकास गुरुयोजना निर्माण | | पर्यटन | १० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ४ | प्रकाश ज्योति मा.वि. आवासीय विद्यालय सञ्चालन | | शिक्षा | ५० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ५ | कृषि विकास कार्यक्रम | | कृषि | २० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ६ | पशु सेवा कार्यक्रम | | पशुसेवा | १० लाख | वित्तीय समानीकरण अनुदान संघ |



नासों गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | स्वास्थ्य सेवा कार्यक्रम( सामुदायिक स्वास्थ्य ईकाई तथा गर्भवती स्याहार खर्च, औषधि खरिद समेत) | | स्वास्थ्य | २५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ८ | आयुर्वेद स्वास्थ्य सेवा कार्यक्रम | | आयुर्वेद स्वास्थ्य | २ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ९ | लघु उद्यम विकास साझेदारी कार्यक्रम | | उद्यम विकास | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १० | महिला सशक्तिकरण कार्यक्रम | | महिला लक्षित | १२ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ११ | दलित वर्ग उत्थान कार्यक्रम | | दलित उत्थान | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १२ | ज्येष्ठ नागरिक तथा अपांग सहयोग कार्यक्रम | | जेष्ठ नागरिक तथा अपांग | २ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १३ | वालवालिका लक्षित कार्यक्रम | | बालबालिका लक्षित | २ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १४ | वातावरण संरक्षण तथा सरसफाई अभियान | | वातावरण तथा सरसफाई | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १५ | गाउँपालिका /वडा विषयगत शाखा फर्नीचर व्यवस्थापन तथा संस्थागत सुधार | | संस्थागत विकास | १० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १६ | उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम | | क्षमता अभिवृद्धि | ५० हजार | वित्तीय समानीकरण अनुदान संघ |
| १७ | गाउँपालिकाभित्र समीक्षा गोष्ठी सार्वजनिक सुनुवाई तथा विविध अन्तर्क्रिया कार्यक्रम | | सुशासन तथा पारदर्शिता | ३ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १८ | पदाधिकारी तथा कर्मचारी क्षमता विकास कार्यक्रम | | जनशक्ति क्षमता विकास | ८ लाख ५० हजार | वित्तीय समानीकरण अनुदान संघ |
| १९ | मेशीनरी औजार तथा सुचना प्रविधि विस्तार | | सूचना प्रविधि | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २० | विपद् व्यवस्थापन | | विपद व्यवस्थापन | १० लाख | वित्तीय समानीकरण अनुदान संघ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | भैपरी आउने पुँजीगत कोष | | भैपरी | १५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २२ | आयोजना व्यवस्थापन खर्च | | कन्टिन्जेन्सी | ३२ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २३ | होमस्टे प्रवर्ध्दन कार्यक्रम | | होमस्टे प्रबर्द्धन | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २४ | खेलकुद प्रवर्ध्दन कार्यक्रम | | खेलकुद | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २५ | परम्परागत स्थानीय संस्कृति संरक्षण कार्यक्रम | | संस्कृति संरक्षण | २ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २६ | वडा कार्यालय संचालन खर्च | | संस्थागत सुदृढीकरण | २७ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| | **जम्मा** | | | **४ करोड ११ लाख** | |

ख) आ.ब.२०७६/०७७ का लागि पूँजीगत अन्तरगतको योजना तथा बजेट विनियोजन

| **क्र.सं.** | **बजेट खर्च हुने शीर्षक वा योजनाको नाम** | **कार्यान्वयन हुने स्थान** | **क्षेत्र** | **बजेट रकम रु.** | **श्रोत** |
|---|---|---|---|---|---|
| १. | ताल शवदाह स्थल निर्माण | वडा नं. १,ताल | समाजिक विकास | १० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २. | घेराङ गाउँ देखि टस्योलो प्लासम्म जाने पर्यटकीय पदमार्ग निर्माण | वडा नं. १, घेराङ | पूर्वाधार विकास | ७ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ३. | ताल गुम्बा मर्मत | वडा नं. १, ताल | सामाजिक विकास | २ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ४. | भानु मा.वि.आवासीय विद्यालय व्यवस्थापन सहयोग | वडा नं १, ताल | सामाजिक विकास | २ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ५. | सिरानताल देखि निगालाघारी झो.पु.सम्म फलामे रेलिङ निर्माण | वडा नं. १, ताल | पूर्वाधार विकास | ४ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ६. | नाचै-डोनाताल जाने पर्यटकीय पदमार्ग निर्माण | वडा नं. २, नाचै | पूर्वाधार विकास | १० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ७. | घ्याब्रिङ अध्ययन केन्द्र भवन निर्माण | वडा नं. २, नाचै | पूर्वाधार विकास | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | नाचै सामुदायिक भवन मर्मत | वडा नं. २, नाचै | पूर्वाधार विकास | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ९. | नाचै देखि ताम्राङ जाने पर्यटकीय पदमार्ग मर्मत | वडा नं. २, नाचै | पूर्वाधार विकास | ३ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १०. | खोत्रो आमा समुह भवन निर्माण | वडा नं. ३, खोत्रो | पूर्वाधार विकास | ७ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| ११. | धारापानी शवदाह स्थल निर्माण | वडा नं. ३, धारापानी | सामाजिक विकास | ८ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १२. | तल्लो धारापानी तथा माथिल्लो धारापानी क्षेत्रमा मर्स्याङदी नदी तटबन्धन | वडा नं. ३, धारापानी | विपद व्यवस्थापन | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १३. | खोत्रो देखि खोत्रोपाखा जाने बाटो मर्मत | वडा नं. ३, खोत्रोपाखा | पूर्वाधार विकास | २ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १४. | छैजो धारापानी पहिरो नियन्त्रण | वडा नं. ३, धारापानी | विपद व्यवस्थापन | ९९ हजार | वित्तीय समानीकरण अनुदान संघ |
| १५. | धारापानी विद्युत गृह जाने बाटो मर्मत | वडा नं. ३ धारापानी | पूर्वाधार विकास | ९९ हजार | वित्तीय समानीकरण अनुदान संघ |
| १६. | घेलान्चोक गाउँ बाटो ढलान | वडा नं. ४, घेलान्चोक | पूर्वाधार विकास | ९ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १७. | तोकङे चौतारी-ओडारगाउँ पर्यटकीय पदमार्ग निर्माण | वडा नं. ४, ओडार | पूर्वाधार विकास | २१ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १८. | थोंचे ढल तथा ढलान | वडा नं. ५, थोंचे | वन, वातावरण तथा विपद व्यवस्थापन | २० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| १९. | थोंचे गुम्बा सुधार | वडा नं. ५, थोंचे | पूर्वाधार विकास | ३ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २०. | थोंचे आमा समुह भवन सुधार | वडा नं. ५, थोंचे | पूर्वाधार विकास | २ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २१. | सुति केतेरेपा र पेपेतोमा ३ वटा काठेपुल निर्माण तथा बाटो मर्मत | वडा नं. ६, तिल्चे | पूर्वाधार विकास | ७ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २२. | ग्वाखोला लघुजलविद्युत योजना सामान ढुवानी | वडा नं. ६, तिल्चे | पूर्वाधार विकास | ४ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २३. | तिल्चे गाउँ बाटो ढलान | वडा नं. ६, तिल्चे | पूर्वाधार विकास | १३ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २४. | मनास्लु वेसक्याम्प देखि भिमथाङजाने पदमार्ग निर्माण | वडा नं. ७, भिमथाङ | आर्थिक विकास | २० लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २५. | ग्वा ढल व्यवस्थापन | वडा नं. ७, ग्वा | वन, वातावरण तथा विपद व्यवस्थापन | २ लाख | वित्तीय समानीकरण अनुदान संघ |
| २६. | ताचै गाउँ बाटो ढलान | वडा नं. ८, ताचै | पूर्वाधार विकास | १५ लाख | वित्तीय समानीकरण अनुदान संघ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७. | ताचै गाउँ स्वागत गेट निर्माण | वडा नं. ८, ताचै | आर्थिक विकास | ६ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| २८. | होमस्टे देखि टावरसम्म ताचै गाउँ संरक्षणका लागि तटबन्धन | वडा नं. ८, ताचै | आर्थिक विकास | ८ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| २९. | आमा समुह भवन किचन निर्माण | वडा नं. ८, ताचै | पूर्वाधार विकास | २ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३०. | बगरछाप गाउँ तथा वडा भवन जाने बाटो ढलान | वडा नं. ९,बगरछाप | पूर्वाधार विकास | ८ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३१. | दानाक्यू ढल निकास तथा फोहर व्यवस्थापन योजना | वडा नं. ९,दानाक्यू | वन, वातावरण तथा विपद व्यवस्थापन | ७ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३२. | बगरछाप गुम्बा लामा आवास सुधार | वडा नं. ९,बगरछाप | सामाजिक विकास | ७ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३३. | सरसफाई तथा फोहर व्यवस्थापन सहयोग कार्यक्रम | सबै वडा | वन, वातावरण तथा विपद व्यवस्थापन | ७ लाख २ हजार | वित्तीय समानीकरण अनुदान संघ | |
| ३४. | तिल्चे-ताचै पदमार्ग निर्माण | वडा नं. ८ र ६ | पूर्वाधार विकास | १० लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३५. | माथिल्लो धारापानी ढल व्यवस्थापन | वडा नं. ३, धारापानी | वन, वातावरण तथा विपद व्यवस्थापन | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| ३६. | भिम्थाङ ढल व्यवस्थापन | वडा नं. ७, भिमथाङ | वन, वातावरण तथा विपद व्यवस्थापन | ५ लाख | वित्तीय समानीकरण अनुदान संघ | |
| | **जम्मा** | | | **२ करोड ५३ लाख** | | |
| | **कुल जम्मा (क+ख)** | | | **६ करोड ६४ लाख** | | |

**विविधः**

२२. हाल नार्सो गाउँपालिकाको कार्यालय रहेको भवन सानो भएका कारण विषयगत शाखा संचालन, सेवा प्रवाह गर्न, बैठक तथा सभा संचालन गर्न उपयुक्त नभएकोले कार्यालय स्थापना देखि नै यसको विकल्पको खोजी भईरहेको सन्दर्भमा गाउँपालिकाको आफ्नो स्वामित्वमा कुनै उपयुक्त जग्गा नरहेको, उपयुक्त अन्य सार्वजनिक जग्गा समेत नरहेको अवस्थामा सुविधा सम्पन्न गाउँपालिकाको प्रशासनीक भवन निमार्ण गर्न प्रथमत जग्गा खरिद तथा प्राप्ति गर्नुपर्ने भएको र साथसाथै १५ शैयाको सुविधायुक्त अस्पताल विकास गर्ने लक्ष्य अनुसार अस्पताल भवन समेत निर्माण गर्नुपर्ने भएकोले सोका लागि डिपिआर तयार गर्न रु. २० लाख रकम र जग्गा खरिद प्रकृया अगाडी बढाउन यस आ.ब.मा रु.१ करोड

नार्सो गाउँपालिका

२० लाख बजेट विनियोजन गरिएको छ । यस अभियानमा ठुलो रकमको आवश्यकता पर्ने हुँदा डिपिआर तयारी पश्चात सहयोगी निकाय र साझेदार निकायको खोजीलाई तिब्र रुपमा अगाडी बढाईनेछ ।

२३. यस जिल्लाबाट प्रतिनिधी सभा र (क) गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सभासद ज्यूहरुलाई प्राप्त हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम बजेटबाट यस गाउँपालिका क्षेत्रको विकासमा करिब ३ करोड प्राप्त हुने अनुमान गरिएको छ ।

२४. विगत बर्षहरुमा झै यस बर्षपनि संघीय सरकारको बजेट मन्तव्यमा प्रस्तुत भए बमोजिम गरिबसँग विश्वेश्वर कार्यक्रमको निरन्तरता हुने तथा उक्त कार्यक्रमबाट सामुदायिक संस्थाहरुका स-साना आवश्कता परिपूर्ति गर्नेतर्फ कार्यक्रमहरु संचालन गरिनेछ ।

२५. संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट चालु आ.ब.मा संचालन गरिए जस्तै कृषि, पशु, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रका अत्यावश्यक एवं नियमित कार्यक्रमहरु संचालन गरिनेछ, जसका लागि रु.७ करोड २९ लाख रकम तोकिए बमोजिम नै विनियोजन गरिएको छ । यसको ठूलो हिस्सा चालु प्रकृतिको कार्यक्रममा खर्च हुने व्यहोरा समेत जानकारी गराउन चाहान्छु ।

२६. संघीय सरकारको बजेट मन्तव्य मार्फत बृद्धि गरिएको सामाजिक सुरक्षा कार्यक्रम अन्तरगतका ( बृद्ध भत्ता, औषधी उपचार खर्च, विधवा भत्ता, जेष्ठ नागरिक एकल महिला, दतिल बालबालिक संरक्षण, अपांग भत्ता) भत्ताहरुको रकमलाई समेत आँकलन गरि सामाजिक सुरक्षा कार्यक्रमतर्फ रु.६० लाख रकम अनुमान गरि विनियोजन गरिएको छ ।

२७. यस गाउँपालिको प्रमुख प्राथमिकतामा रहेको श्री प्रकाशज्योति मा.वि.थोंचेलाई सुविधा सम्पन्न आवासीय विद्यालयको रुपमा विकास गर्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार आवश्यक पर्ने जग्गाका लागि जग्गादाताको खोजी गर्दै विद्यालयको भवन निर्माण कार्यको शुरुवात यसै आ.ब.बाट गर्ने गरी गण्डकी प्रदेश सरकारबाट विनियोजित विशेष अनुदान वापतको रु. १ करोड रकम परिचालन गरिनेछ । विद्यालय भवनका लागि आवश्यक जग्गा प्रदान गर्न इच्छुक दाताज्यूहरुलाई यो पवित्र कार्यमा साथ दिईं यस गाउँपालिकाका बालबालिकाहरुलाई गुणस्तरीय शिक्षाको ज्योति प्रदान गर्ने महायज्ञमा सरिक हुन हार्दिक अनुरोध समेत गर्दछु ।

हामीसँग आर्थिक स्रोत साधन अत्यन्त न्यून छ तर जनताका आवश्यकताहरु असिमित छन । तथापी यसको मध्यमार्गी विकल्पको रुपमा अति आवश्यक र क्रमागत योजना तथा कार्यक्रमलाई बढि भन्दा बढी यो बजेट तथा कार्यक्रम मार्फत समेटने प्रयास गरिएको छ । विकास निरन्तर प्रकृया हो र सदा चलिरहन्छ, हामीसँग प्राप्त हुने सिमिति स्रोत र साधनको प्रभावकारी परिचालन गर्न सकेका खण्डमा थोरै लगानीले धेरै



नार्पा गाउँपालिका

प्रतिफल प्राप्त गरि जनताका आवश्यकता पुरा गर्न सकिने विश्वास लिइएको छ । यो बजेटले समेटन नसकेका वृहत प्रकृतिका योजना तथा कार्यक्रमहरुलाई संचालन गर्न श्री संघीय सरकार, श्री गण्डकी प्रदेश सरकार तथा सम्बन्धित मन्त्रालय, स्वदेशी तथा विदेशी दातृ निकायहरुसँग गाउँसभाबाट स्वीकृत हुने नीतिगत निर्णय मार्फत सहकार्य गर्दै अगाडी बढने नीति लिइएको छ ।

प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनका अतिरिक्त यस गाउँपालिकाको विकास पथमा सदा झै विशेष पहलकदमी तथा सक्रिय सहभागिता जनाईदिनु हुन यस जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने माननीय संघीय प्रतिनिधी सभा सदस्यज्यू, माननीय गण्डकी प्रदेश सभा सदस्यज्यूहरु, पूर्व माननीय मन्त्रीज्यूहरु, पूर्व माननीयज्यूहरु, पूर्व स्थानीय निकायका पदाधिकारीज्यूहरु एवं जिल्ला भित्र र बाहिर रहेर यस नासों गाउँपालिकाको चौतर्फी विकासमा सदा खटिईरहनु हुने आदरणीय महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछु । यसै आ.ब.देखि वस्ती तथा वडा स्तरबाट सहभागितात्मक योजना योजना तर्जुमा बमोजिम माग भई आएका तर यो बजेटले समेटन नसकेका योजना तथा कार्यक्रमहरुलाई गाउँपालिकाको योजना बैंकको रुपमा विकास गरि क्रमशः विभिन्न स्रोतको खोजी गरि कार्यान्वयन गर्दै जाने नीति लिइएको छ ।

अन्तमा नासों गाउँपालिकाको आ.ब.२०७६/०७७ को बजेट तथा कार्यक्रम तर्जुमा गर्न नेतृत्व गरि विशेष योगदान गर्नुहुने आदरणीय अध्यक्ष श्री चन्द्र घलेज्यू, गाउँ कार्यपालिकाका सम्पुर्ण आदरणीय सदस्यज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, ९ वटै बडाबाट प्रतिनिधित्व गर्नुहुने वडा सदस्यज्यूहरुमा हार्दिक धन्यवाद एवं कृतज्ञता व्यक्त गर्न चाहान्छु । साथै बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा सहयोग गर्न अहोरात्र खटिनु हुने नासों गाउँपालिकाको कार्यालय तथा अन्तरगतका समस्त राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद !

..........................
कमलमाया गुरुङ
उपाध्यक्ष
नासों गाउँपालिका
मितिः २०७६/०३/१० गते

नासों गाउँपालिका